PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
('A' Class Institution Licensed by Nepal Rastra Bank)

KAMALPOKHARI, KATHMANDU, NEPAL
P.O.BOX NO.15202
Phone No.: 4423432, 4423433, 4423436
Fax: 4425955
SWIFT: PCBLNPKA e-mail: info@pcbl.com.np
www.primebank.com.np

च.नं. PCBL/१४०/०७६/७७ मिति : २०७६/०४/०५

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिहदरबारप्लाजा, काठमाण्डौ ।

**विषय: विशेष साधारण सभा बस्ने सम्वन्धी सूचना प्रकाशित गरेको बारे ।**

उपरोक्त सम्वन्धमा यस बैंकले कन्काई विकास बैंक लिमिटेडलाई प्राप्ति गर्नकालागि यस बैंकको विशेष साधारण सभा मिति २०७६ साल श्रावण २२ गते बुधबार गर्ने गरी यस बैंकको संचालक समितिको मिति २०७६/०४/०५ गते बसेको ३७३ औं बैठकबाट निर्णय भएको र सो प्रयोजनको लागि उक्त विशेष साधारण सभा मिति २०७६/०४/०६ गते सोमबारको नागरीक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना यसै पत्रसाथ संलग्न गरी पठाएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै विशेष साधारण सभाको प्रयोजनकोलागि मिति २०७६/०४/१४ देखी विशेष साधारण सभा सम्पन्न नभएसम्म बैंकको दाखिला खारेजको कार्य समेत बन्द गरीने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

सन्तोष बराल
कम्पनी सचिव

**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

रजिष्टर्ड केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ

को

# बिशेष साधारणसभा सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७६ श्रावण ६ गते सोमबार)

मिति २०७६/०४/०५ (तद्नुसार २१ जुलाई २०१९) गते बसेको संचालक समितिको ३७३ औ बैठकको निर्णयानुसार यस बैंकको बिशेष साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समयः**

सभा हुने मिति : २०७६/०४/२२ गते, बुधबार (तद्नुसार ०७ अगष्ट २०१९) ।
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।
सभा शुरू हुने समय : बिहान ११:०० बजे देखि ।

**छलफलका विषयहरु :**

(क) **बिशेष प्रस्तावहरू**

१. प्राइम कमर्सियल बैंक लिमिटेडले कन्काई विकास बैंक लिमिटेड लाई प्राप्ती (एक्विजिशन) गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।
२. प्राइम कमर्सियल बैंक लिमिटेडले कन्काई विकास बैंक लिमिटेडलाई प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि मुल्याङ्कन कर्ता श्री SAR Associates, चार्टर्ड एकाउन्टेन्ट्स् ले तयार गरेको श्री कन्काई विकास बैंक लिमिटेडको चलअचल सम्पत्ती तथा दायित्व मुल्याङ्कन प्रतिवेदन Due Diligence Audit (DDA) तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको कन्काई विकास बैंक लि. को शेयरको मूल्य पारित गरि प्राप्ती (एक्विजिशन) गर्ने कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
३. प्राइम कमर्सियल बैंक लिमिटेडले कन्काई विकास बैंक लिमिटेड प्राप्ती (एक्विजिशन) गर्ने सम्बन्धमा गरिएको अन्तिम सहमती/सम्भौता पत्र (Scheme of Arrangement) तथा अन्य भए गरेका संम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
४. प्राइम कमर्सियल बैंक लिमिटेडले कन्काई विकास बैंक लिमिटेड प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि कन्काई विकास बैंक लिमिटेडको चल अचल सम्पती तथा दायित्य मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit) (DDA) गर्न संयुक्त मर्जर समितिबाट तथा बैंकको संचालक समितिबाट नियुक्त लेखापरिक्षक (मुल्याङ्कन कर्ता) को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।
५. प्राइम कमर्सियल बैंक लिमिटेडले कन्काई विकास बैंक लिमिटेड लाई प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) मा निवेदन गर्न र प्राप्तीसँग सम्बन्धित प्रचलित कानुन निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका कार्य गर्न गराउन बैंकको संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
६. प्राइम कमर्सियल बैंक लिमिटेडले कन्काई विकास बैंक लिमिटेड लाई प्राप्ती (एक्विजिशन)गरे पश्चात बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि हुने हुँदा सोही मुताबिक बैंकको प्रवन्ध पत्रको दफा ६(ख) र दफा ६(ग) मा संशोधन गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
७. प्राप्ती कार्यका क्रममा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा नियमकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न वा प्राप्ती कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न बैंकको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

(ख) **विविध ।**

संचालक समितिको आज्ञाले,
**सन्तोष बराल**
**कम्पनी सचिब**

**विशेष साधारण सभा सम्बन्धी थप जानकारी**

१. कुनै शेयरधनी सभामा स्वयं उपस्थित हुन नसक्ने भएमा सभामा भाग लिनका लागि प्रतिनिधि पठाउन प्रोक्सी फाराम भरी बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि निवेदन दर्ता गरी सक्नुपर्ने छ ।
२. विशेष साधारण सभाको लागि उपस्थिती पुस्तिका सभा हलमा बिहान १०:०० वजेदेखि खुल्ला हुनेछ । साधारण सभा सम्बन्धमा शेयरधनीहरूलाई थप जानकारी आवश्यक भएमा बैंकको केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न हुन अनुरोध गर्दछौ ।
३. यस बैंकको शेयर खरिद विक्रीको लागी दाखिल खारेज मिति २०७६/०४/१४ गते शेयर दर्ता किताब बिशेष साधारण सभा प्रयोजनका लागि बन्द गर्ने र मिति २०७६/०४/१४ गते भन्दा ठिक अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई यस संस्थाको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड काठमाण्डौमा दाखिल खारेज भई कायम भएका शेयरधनीहरूलाई मात्र संस्थाको बिशेष साधारण सभा प्रयोजनका लागि सहभागी हुन पाईनेछ ।
४. विशेष साधारण सभामा उपस्थित हुंदा शेयर धनी महानुभावहरुले आफ्नो परिचय खुल्ने कागजात जस्तै नागरिकताको प्रमाणपत्र वा यस बैंकको शेयर प्रमाणपत्र वा यस बैंकको शेयर अभौतिकरण गरेको देखिने DMAT खाताको विवरण (BOID Statement) संगै लिएर आउनु पर्ने छ । नावालक शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन पाउने छन् ।
५. संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।
६. सभामा भाग लिनका लागि प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफैले भाग लिन वा प्रतिनिधी फेरवदल गर्न चाहेमा सभा शुरू हुनु भन्दा ७२ घण्टा अगावै सोको सूचना बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । अन्यथा प्रतिनिधी फेरवदल हुन सक्ने छैन । तर, सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः वदर हुनेछ ।

अन्य जानकारीका लागि बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड तथा बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ । साथै विशेष साधारण सभा सम्बन्धी सूचना बैंकको वेभसाइट www.primebank.com.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ ।